# बेनीघाट रोराङ गाउँपालिका

## आ.व. २०८२/८३ को वार्षिक प्रगति समीक्षा प्रतिवेदन

बेनीघाट रोराङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विशालटार, धादिङ।

# बेनीघाट रोराङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# विशालटार, धादिङ।
## आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति समीक्षा कार्यक्रमको प्रतिवेदन

मितिः २०८३/०४/१२

स्थानः बेनीघाट रोराङ गाउँपालिकाको सभाहल
आयोजकः बेनीघाट रोराङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय।
कार्यक्रमः वार्षिक प्रगति समीक्षा कार्यक्रम २०८२/८३

### १. पृष्ठभूमि

बेनीघाट रोराङ गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकाअन्तर्गतका विभिन्न शाखा तथा उपशाखाहरु, वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा विषयगत क्षेत्रबाट सम्पादन गरिएका कार्यक्रम, योजना तथा सेवा प्रवाहको अवस्था, प्रगति, उपलब्धि, समस्या तथा चुनौतीहरूको समीक्षा गर्ने उद्देश्यले वार्षिक प्रगति समीक्षा कार्यक्रम आयोजना गरिएको हो।

स्थानीय तहको वार्षिक योजना तथा कार्यक्रम कार्यान्वयनको वास्तविक अवस्था पहिचान गरी प्राप्त उपलब्धिको समीक्षा, कार्यसम्पादनमा देखिएका समस्या तथा चुनौतीहरूको विश्लेषण, आगामी दिनमा सुधार गर्नुपर्ने पक्षहरूको पहिचान तथा आगामी कार्यदिशा तय गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको थियो।

कार्यक्रममा गाउँपालिकाका अध्यक्षज्यू, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यहरु, विभिन्न शाखाका शाखा प्रमुख तथा सम्बन्धित कर्मचारीहरू, वडा सचिवहरू, स्वास्थ्य संस्थासँग सम्बन्धित कर्मचारीहरू लगायत कर्मचारीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा सम्बन्धित शाखा तथा उपशाखाहरु, वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरूले आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन गरेका कार्यहरू, स्वीकृत कार्यक्रम तथा योजनाको प्रगति, बजेट तथा खर्चको अवस्था, सेवा प्रवाह, हासिल भएका उपलब्धि, देखिएका समस्या तथा चुनौतीहरू र आगामी दिनमा गर्नुपर्ने सुधारका विषयमा प्रस्तुतीकरण गरेका थिए।

कार्यक्रमले विगत एक वर्षका गतिविधिलाई केवल तथ्याङ्क र प्रगतिको अंकमा सीमित नराखी, ती प्रयासहरूले गाउँपालिकाको समग्र विकास र नागरिकको सेवा प्रवाहमा पारेको प्रभावलाई समेत आत्मसमीक्षाको विषय बनाएको थियो। यसरी, विगतका उपलब्धिलाई संस्थागत गर्दै कमजोरीबाट

सिक्ने र आगामी दिनका कार्यहरूलाई थप व्यवस्थित, उत्तरदायी, पारदर्शी तथा परिणाममुखी बनाउने उद्देश्यले उक्त वार्षिक प्रगति समीक्षा कार्यक्रम महत्वपूर्ण अवसरका रूपमा सम्पन्न भएको थियो।

## २. उद्देश्य

वार्षिक प्रगति समीक्षा कार्यक्रमका प्रमुख उद्देश्यहरू देहायबमोजिम रहेका थिएः

क. आर्थिक वर्ष २०८२/०८३ मा सञ्चालन तथा सम्पन्न भएका कार्यक्रम, योजना तथा क्रियाकलापहरूको समग्र समीक्षा गर्नु,

ख. विभिन्न शाखा, वडा कार्यालय तथा विषयगत क्षेत्रबाट सम्पादन गरिएका कार्यहरूको प्रगति अवस्था प्रस्तुत तथा समीक्षा गर्नु,

ग. स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको कार्यान्वयन अवस्था र वित्तीय प्रगतिको समीक्षा गर्नु,

घ. कार्यक्रम तथा योजना कार्यान्वयनका क्रममा देखिएका समस्या, चुनौती तथा बाधाहरूको पहिचान गर्नु,

ङ. प्राप्त उपलब्धि तथा सेवा प्रवाहको प्रभावकारिता सम्बन्धमा समीक्षा गर्नु,

च. शाखा तथा वडा कार्यालयहरूको कार्यसम्पादनमा देखिएका सबल तथा सुधार गर्नुपर्ने पक्षहरू पहिचान गर्नु,

छ. गाउँपालिकामा रहेका आर्थिक स्रोतको पहिचान गरी तिनको न्यायोचित वितरण सम्बन्धी समिक्षा गर्नु,

ज. आगामी आ.व. मा गाउँपालिकामा रहेका आर्थिक, भौतिक तथा वित्तिय स्रोतहरुको प्रभावकारी, मितव्ययी, पारदर्शी, वस्तुनिष्ठतवरले परिचालन गर्नु,

झ. आगामी आर्थिक वर्षमा कार्यक्रम तथा योजना कार्यान्वयनलाई थप प्रभावकारी, व्यवस्थित तथा परिणाममुखी बनाउने सम्बन्धमा आवश्यक सुझाव तथा कार्यदिशा तय गर्नु।

## ३. प्रस्तुतीकरण

कार्यक्रममा गाउँपालिकाअन्तर्गतका विभिन्न शाखा प्रमुख, वडा सचिव तथा स्वास्थ्य क्षेत्रसँग सम्बन्धित स्वास्थ्य संस्था तथा स्वास्थ्य चौकीका कर्मचारीहरु र विद्यालय नर्सहरू लगायत ३७ जनाले आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन गरेका कार्यहरूको वार्षिक प्रगति विवरण प्रस्तुतीकरण गर्नुभएको थियो।

प्रस्तुतीकरणका क्रममा सम्बन्धित शाखा तथा कार्यालयहरूले आफ्नो जिम्मेवारीअनुसार कार्यान्वयन गरेका कार्यक्रम तथा योजनाहरू, निर्धारित लक्ष्य, हासिल भएको प्रगति, बजेट विनियोजन तथा खर्चको

अवस्था, सेवाग्राहीलाई प्रदान गरिएको सेवा, सेवाग्राहीले गर्ने व्यवहार, मुख्य उपलब्धि तथा कार्यसम्पादनका क्रममा देखिएका समस्या र चुनौतीहरूका बारेमा जानकारी प्रस्तुत गरेका थिए।

प्रस्तुत गरिएका विवरणका आधारमा सम्बन्धित विषयमा सहभागीहरूबीच छलफल तथा समीक्षा गरिएको थियो। प्रस्तुत प्रगति विवरणमा रहेका तथ्य तथा सूचकहरूका आधारमा कार्यक्रमको कार्यान्वयन अवस्था, लक्ष्यअनुसारको प्रगति तथा अपेक्षित उपलब्धि हासिल भए/नभएको विषयमा समेत छलफल भएको थियो। र सोहीअनुरुपको प्रस्तुतिकरणसंग सम्बन्धित जिज्ञासाहरुको समेत सम्बोधन गरिएको थियो।

## ४. समग्र वार्षिक प्रगति समिक्षा प्रस्तुतीकरण

गाउँपालिकाको मुख्य प्रशासनीक कार्यालयमा रहेका सामान्य प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, शिक्षा शाखा, पुर्वाधार विकास शाखा, स्वास्थ्य शाखा, कृषि विकास शाखा, पशुपंक्षी विकास शाखा, सामाजिक सुरक्षा तथा उपभोक्ता हित संरक्षण उपशाखा, महिला, बालबालिका तथा पञ्जिकरण एकाई, सहकारी रोजगार, उद्यम तथा पर्यटन विकास उपशाखा, वन, वातावरण तथा विपद् व्यवस्थापन एकाईका प्रमुखहरूले, साथै गाउँपालिकाका १० वटै वडा कार्यालयका वडा सचिवहरु, गाउँपालिकाको मुख्य स्वास्थ्य संस्थाका प्रमुख, प्रत्यक वडामा रहेका स्वास्थ्य चौकी इन्चार्जहरु र विभिन्न विद्यालयमा रहेका विद्यालय नर्सहरुले आ-आफ्नो क्षेत्रबाट आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन भएका कार्यहरूको प्रगति विवरण प्रस्तुतीकरण गर्नुभएको थियो।

प्रस्तुतीकरणमा शाखा तथा उपशाखा एवम् सम्बन्धीत कार्यालयबाट सञ्चालन भएका वार्षिक कार्यक्रम तथा योजनाहरू, कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति, सम्पन्न भएका मुख्य कार्यहरू, सेवा प्रवाहको अवस्था, प्राप्त उपलब्धि तथा कार्यान्वयनका क्रममा देखिएका समस्या र चुनौतीहरू समेटिएका थिए। साथै, आगामी दिनमा शाखाको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन आवश्यक सुधारका पक्ष तथा प्राथमिकताका विषयहरू समेत प्रस्तुत गरिएको थियो।

वार्षिक प्रगति समीक्षा प्रस्तुतीकरणका क्रममा प्रस्तुत गरिएका मुख्य-मुख्य उपलब्धिमुलक तथ्यांक एवं समस्या, चुनौती तथा सुझावहरू संक्षेपमा देहायबमोजिम प्रस्तुत गरिएको छः

## आ.व. २०८२/०८३ को कूल विनियोजन र खर्चको विवरण

| बजेट विवरण | विनियोजित वजेट रु. | खर्च भएको रकम रु. | खर्चको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| पूजिगततर्फ | ३२,२६,४१,०९४.०० | २४,८०,९१,७२७.०० | ७६.८९ | |
| चालुतर्फ | ५०,९९,७९,२९८.०० | ४३,२४,३०,७१६.७३ | ८४.७९ | |
| जम्मा | ८३,२६,२०,३९२.०० | ६८,०५,२२,४४३.७३ | ८१.७३ | |

## कर्मचारी विवरणः २०८२

| क्र. सं. | स्तर | कार्यपालिका तथा वडा कार्यालय | | | | स्वास्थ्य संस्थाहरु | | | | कार्यक्रम तर्फ | जम्मा कर्मचारी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत दरवन्दी | | पदपूर्ती | | स्वीकृत दरवन्दी | | पदपूर्ती | | | |
| | | O&M | गाउँसभा | स्थायी | सेवा करार | O&M | गाउँसभा | स्थायी | सेवा करार | | |
| १ | अधिकृत स्तर | १० | ० | ६ | १ | ५ | ० | १ | १ | ६ | १५ |
| २ | सहायक स्तर | ४२ | ३ | २७ | १३ | २६ | १७ | १० | २९ | ८ | ८७ |
| ३ | सहयोगी स्तर | ० | २६ | १ | १९ | ६ | ११ | १ | १४ | १ | ३६ |
| जम्मा | | ५२ | २९ | ३४ | ३३ | ३७ | २८ | १२ | ४४ | २९ | १३८ |

| अन्य | |
|---|---|
| सरुवा भई गएका कर्मचारी संख्याः | ३ |
| सरुवा भई आएका कर्मचारी संख्याः | ३ |
| प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई आएकाः | ८ |
| करार सेवामा नयाँ नियुक्ति भएकाः | १६ |
| राजिनामा स्वीकृत भएकाः | ११ |
| तह बृद्धि भएकाः | ७ |

## आ.व. २०८२/०८३ को हस्तान्तरित आय व्याय विवरण

| क्र.सं. | स्रोतको किसिम | संघबाट | | प्रदेशबाट | | जम्मा अनुदान |
|---|---|---|---|---|---|---|
| | | बजेट | यथार्थ आय | बजेट | यथार्थ आय | |
| १ | समानीकरण अनुदान | १५६,१००,०००.० | १४२७५३४५० | १६,३७७,०००.० | १६,३७७,०००.०० | १५९,१३०,४५०.०० |
| २ | सशर्त अनुदान (चालु) | २९७,५३६,०००.० | २६९,४१२,९३५.४३ | २३,४२६,०००.० | १७,९५१,२७५.०० | २८७,३६४,२१०.४३ |
| ३ | सशर्त अनुदान( पुजिगत) | ४,०००,०००.०० | ३,८७४,८२७.०० | ५,५००,०००.०० | २,९८८,५३१.०० | ६,८६३,३५८.०० |
| ४ | समपुरक अनुदान | ७,८००,०००.०० | ३८९४२०१ | १६,४२७,२८८.० | १६,४२७,२८८.०० | २०,३२१,४८९.०० |
| ५ | विशेष अनुदान | ३०,०००,०००.०० | २८,२६९,११०.०० | ५,५००,०००.०० | ४,३५४,२३३.०० | ३२,६२३,३४३.०० |
| ६ | राजश्व बाँडफाँड | १२०,०३५,८९२.० | ११५,१६७,७०१.४० | ६७८५७७४१ | ५०१०९८५४.१ | १६५,२७७,५५५.५० |
| जम्मा | | ६१५,४७१,८९२.० | ५६३,३७२,२२४.८३ | १३५,०८८,०२९ | १०८,२०८,१८१.१ | ६७१,५८०,४०५.९३ |

## २ वर्षको आन्तरीक आय र राजश्वको अवस्था शिर्षकगत

| क्र.सं. | राजस्व संकेत | राजस्व शीर्षक | आ.व. २०८१/०८२ | आ.व. २०८२/०८३ |
|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | २,९३८,१६०.४५ | ३२७३४५८.२५ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ४,०७५.०० | ८८०.०० |
| ३ | ११३१७ | वहाल कर | १,९१४,६३७.८५ | २२६६७८२.१२ |
| ४ | ११३१८ | वहाल विटौरी कर | २४७,०१६.०० | १५५०४.०० |
| ५ | ११४५१ | सवारी साधन कर (साना सवारी) | | १५००.०० |
| ६ | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ३,७६४,७४६.६५ | ५१७१०४०.०० |
| ७ | ११६९१ | अन्य कर (व्यवसाय कर वापत ह्रासिन सिमेन्ट) | ३२,५५०.०० | १६३२९००.०१ |
| ८ | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ५००.०० | १०६१५०.०० |
| ९ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री (रोयल्टी वापत चुनढुंगा वापतको) | २,८३४,१६९.७५ | ४६७१२४३.२२ |
| १० | १४२२४ | परीक्षा शुल्क | २८,४००.०० | ४३४००.०० |
| ११ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३१९,५००.०० | २३३०००.०० |
| १२ | १४२४२ | नक्सापास दस्तुर | २९७,५६६.९४ | २७९०११२.७७ |
| १३ | १४२४३ | सिफारिश दस्तुर | १,०३८,०८५.५७ | १०१३७२९.६० |
| १४ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४३२,३००.०० | ५४३३००.०० |
| १५ | १४२४५ | नाता प्रमाणित दस्तुर | ९३,९००.०० | २४७८५०.०० |
| १६ | १४२४९ | अन्य दस्तुर | ३१७,६१४.०० | ९४७००.०० |
| १७ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५,४००.०० | ४५००.०० |
| १८ | १४५२९ | अन्य राजस्व | ३४४,४१८.०० | ११३९५५२.५० |
| १९ | १४६११ | व्यवसाय कर | १,५५८,९४०.०० | ३३१०४१५.०० |
| २० | १५१११ | बेरूजू | (१७,००४.८१) | १५३०६९९.८ |
| २१ | ३३३४३ | विज्ञापन कर | ८६८,४७७.५० | ७१२५३०.०० |
| २२ | ३३३६६ | दहत्तर बहत्तर शुल्क | ६,५२३,२४३.६१ | ५५२२२५०.५३ |
| जम्मा | | | १८,६८९,८२३.२१ | २८,७८४,३७७.४३ |

## आ.व. २०८२/०८३ को आयोजनाहरुको क्षेत्रगत प्रगति विवरण

| सि.नं. | क्षेत्र | १ लाख सम्म | | १ लाख १ देखि ५ लाख | | ५ लाख १ देखि १० लाख | | १० लाख १ देखि ५० लाख | | ५० लाख १ भन्दा माथि | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | खर्च | संख्या | खर्च | संख्या | खर्च | संख्या | खर्च | संख्या | खर्च | संख्या | खर्च |
| १ | आर्थिक विकास | १८ | १,६०३,२९६ | ४९ | 14,463,567 | २ | 1,986,762 | १ | 1,495,761 | ० | - | ७० | 19,549,386 |
| २ | सामाजिक विकास | १८ | १,६०९,७०८ | ७१ | 21,157,765 | ३ | 2,685,903 | ५ | 12,615,712 | ० | - | ९७ | 38,069,088 |
| ३ | पूर्वाधार विकास | ३४ | ३,०४९,५९० | २०० | 60,595,149 | २८ | 22,790,372 | १४ | 28,055,552 | ३ | 35,605,991 | २७९ | 150,096,653 |
| ४ | संस्थागत विकास तथा सुशासन | ० | - | ० | - | ० | - | ० | - | ० | - | ० | - |
| ५ | वन वातावरण तथा विपद व्यवस्थापन | ० | - | १ | 268,312 | ० | - | ५ | 7,333,328 | ० | - | ६ | 7,601,640 |
| जम्मा | | ७० | ६,२६२,५९४ | ३२१ | **96,484,793** | ३३ | **27,463,037** | २५ | **49,500,354** | ३ | **35,605,991** | ४५२ | **215,316,768** |

## आ.व. २०८२/०८३ को आयोजनाहरुको प्रगति विवरण

| सि.नं. | योजना / कार्यक्रमको नाम | संचालित स्थान | भौतिक लक्ष्य | बिनियोजन | लाभान्वित जनसंख्या | भौतिक प्रगति | बित्तिय प्रगति | बित्तिय प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| १ | कालिका मन्दिर निर्माण लवाङ | गा.पा. - १ | मन्दिर निर्माण | 200,000.00 | 255 | १००% | १९४५१०.६२ | ९७.२६% |
| २ | वसी छोइलिङ गुम्बा स्तरोन्नती | गा.पा. - १ | गुम्वा स्तरोन्नति | 500,000.00 | 195 | १००% | ४९८००९.१३ | ९९.६०% |
| ३ | कुन्चुरुङ सडक वाल निर्माण | गा.पा. - १ | सडक स्तरोन्नती | 500,000.00 | 171 | १००% | ४९६६०२.१८ | ९९.३२% |
| ४ | चुम्कि टोल गोरेटो बाटो ढलान सिमटार | गा.पा. - १ | गोरेटो बाटो स्तरोन्नती | 500,000.00 | 450 | १००% | ४७४३२८.३ | ९४.८७% |
| ५ | जरुङ ब्रुम्दी पदमार्ग | गा.पा. - १ | पदमार्ग निर्माण | 300,000.00 | 255 | १००% | २९६०६५.७३ | ९८.६९% |
| ६ | थोक्राटोल गोरेटो बाटो निर्माण | गा.पा. - १ | गोरेटो बाटो स्तरोन्नती | 100,000.00 | 195 | १००% | ९८१८७.६२ | ९८.१९% |
| ७ | भञ्याङ देखी जरुङ आधारभूत स्वास्थ्य संस्था सम्म सडक मर्मत | गा.पा. - १ | सडक स्तरोन्नती | 400,000.00 | 195 | १००% | ३९७१४९.९१ | ९९.२९% |
| ८ | लवाङ न्याम्जिराङ ज्यामराङ गोरेटो बाटो | गा.पा. - १ | गोरेटो बाटो स्तरोन्नती | 400,000.00 | 450 | १००% | ३९१०४२.९८ | ९७.७६% |
| ९ | वडाभरीको सडक सरसफाई | गा.पा. - १ | सडक स्तरोन्नती | 1,000,000.00 | 412 | १००% | ९९५००१.६ | ९९.५०% |
| **४५२** | **जम्मा** | | | **243,266,067.90** | | **९९.९९%** | **२१५४२०२०५.४६** | **८९%** |

व्यवसाय तथा सस्था दर्ता/नविकरण

| आर्थिक वर्ष | व्यवसाय दर्ता | व्यवसाय नविकरण | व्यवसाय खारेजी | निर्माण व्यवसाय 'घ' वर्ग दर्ता | निर्माण व्यवसाय 'घ' वर्ग नविकरण | खानेपानी उपभोक्ता समिति दर्ता | पोषण समूह दर्ता | पोषण समूह नविकरण | पोषण समूह खारेज | संस्था दर्ता | संस्था नविकरण | संस्था खारेज |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.व २०८०/०८१ सम्म | 1365 | 303 | 31 | 40 | ० | 52 | 50 | 0 | 6 | 120 | 23 | 6 |
| आ.व. २०८१/०८२ | 71 | 322 | 33 | 2 | 23 | 11 | 0 | 0 | 9 | 85 | 34 | 7 |
| आ.व. २०८२/०८३ | 71 | 378 | 37 | 4 | 25 | 2 | 0 | 2 | 2 | 36 | 30 | 9 |
| हाल सम्म | 1507 | 378 | 101 | 46 | 25 | 65 | 0 | 2 | 2 | 241 | 30 | 9 |

## स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन नतिजाः

- आ.व. २०८१/०८२ - ९३.७ गुणस्तर परीक्षण हुदै
- आ.व. २०८२/०८३ - ९०.६ मुल्याङ्कन हुदै

## आ.व. २०८२/०८३ मा सेवा प्रवाह र अन्य प्रशासनिक कार्यः

- वैठक संख्याः गाउँसभा ३ कार्यपालिका २३ विषयगत समितिहरु २४
- सार्वजनिक सुनुवाईः ३ पटक
- सामाजिक परीक्षणः १ वटा
- अनुगमनः नियमित सवै योजना तथा कार्यक्रम, विद्यालयहरु, स्वास्थ्य संस्था तथा वजार
- हाल सम्म निर्माण भएका ऐन नियमः ऐन २९, नियमावली ५, कार्यविधि ५०, निर्देशिका ८ अन्य ८ गरि जम्मा १००
- कार्यालय भवनको अवस्थाः कार्यपालिका तथा १० वटै वडा कार्यालयको आफ्नै भवन रहेको, आधारभूत अस्पताल सहित ११ स्वास्थ्य संस्था आफ्नै भवनमा सञ्चालन भएको।
- नक्शा पासः अस्थायी ईजाजतः ११ अभिलेखिकरणः ३०

## बेरुजु फछ्यौटको अवस्थाः

| | |
|---|---|
| (क) आ.व. २०८०/०८१ सम्मको बेरुजु रकमः | रु १,१८,१७,२८६ |
| (ख) आ.व. २०८१/०८२ मा सम्परीक्षण भएको बेरुजु रकमः | रु ५०,९५,६२९ |
| (ग) आ.व. २०८१/०८२ को बेरुजु रकमः | रु ७०,५१,०१२ |
| (घ) हाल सम्म कायम रहेको जम्मा वेरुजु रकमः | रु १,३७,७२,६६९ |
| (घ) असुल गर्नुपर्ने बेरुजु रकमः | रु ० |

## आ.व. २०७९/०८० मा परेका उजुरी र गुनासो फछ्यौटको अवस्थाः

| | | | |
|---|---|---|---|
| अ.दु.अ.आ.बाट प्राप्त उजुरी | २ | २ | २ |
| अन्य निकाय वा व्यक्तिवाट प्राप्त उजुरी/गुनासो | २ | २ | २ |
| जम्मा | ४ | ४ | ४ |

## न्यायिक समितिमा परेका उजुरी र फरफारकको अवस्थाः

| | |
|---|---|
| क. आ.व. २०८२/०८३ मा परेका जम्मा उजुरी संख्याः | २३ |
| ख. आ.व. २०८१/०८२ वाट सरेकोः | ०४ |
| ग. आ.व. २०८२/०८३ मा फछ्यौट भएका उजुरी संख्याः | २२ |
| घ. हालसम्म दर्ता भएका जम्मा उजुरी संख्याः | २२२ |
| ङ. हालसम्म फछ्यौट भएका जम्मा उजुरी | १९७ |
| च. हालसम्म फछ्यौट हुन बाँकी उजुरी | ०५ |

**<u>हासिल भएका मुख्य मुख्य उपलब्धी/ असल अभ्यासहरुको विवरणः</u>**

- सेवाग्राही मैत्री पूर्वाधार तथा कार्यवातावरण निर्माण, जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका साथै जनप्रतिनिधि तथा कर्मचारीहरु विचको समन्वय मार्फत चुस्त, मितब्ययी, पारदर्शी सेवा प्रवाह गर्न सफल र उत्कृष्टता हासिल
- आय आर्जन सुधारका लागि कृषि प्रविधि सहयोग विस्तार,
- गाउँपालिकामा सर्वसुलभ स्वास्थ्य सेवाको विकास र विस्तार,
- गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षामा सबैको पहुच बृद्धि,
- महिला तथा अन्य लक्षित समुदायहरुको क्षमता विकास तथा आयआर्जन सुधारका कार्यक्रम मार्फत नेतृत्व विकास र आत्मनिर्भरतामा बृद्धि,
- निर्मित सार्वजनिक संरचनाहरुको स्तरोन्नती तथा मर्मत सम्भार गरी नियमित सञ्चालन
- समुदायको हर समस्यामा गाउँपालिकाको साथ।

**<u>देखिएका समस्या/चुनौतीहरु</u>**

**क. योजना तथा कार्यक्रम सञ्चालनमा देखिएका समस्याहरु**

- विनियोजन कुशलतामा कमी,
- टुक्रे (साना) योजना,
- उपभोक्ताले अपनत्व नलिनु,
- जनश्रम परिचालन न्यून हुनु,
- समितिहरु विच समन्वयको कमी,
- समयमा सम्झौता नहुनु/ हुन नसक्नु,
- प्राविधिक इष्टमेट ड्रइङ/डिजाइन अनुसार कार्य नहुनु (अनुमती नलिइ कार्य परिवर्तन गर्नु),
- सार्वजनिक सुनुवाई प्रभावकारी नहुनु,
- एकै ब्यक्ति फरक फरक उपभोक्ता समितिमा रहनु,
- कार्यान्वयन जनशक्ति सिमित रहनु।

**ख. अन्य समस्या तथा चुनौतीहरु**

- आन्तरिक राजश्व बृद्धि हुन नसक्नु,
- भौगोलिक विकटता, छरिएर रहेका अव्यवस्थित बस्ती, असीमित आवश्यकता,
- वडा सदस्यहरुको सहि परिचालन हुन नसक्नु,
- कर्मचारीहरुको विज्ञताको निर्माण हुँदै,
- सबै काम स्थानीय सरकारले गर्नुपर्ने मान्यताको कारण असीमित बोझ,
- राजनैतिक परिवर्तन।

**ग. गाउँपालिकाले अनुभूत गरेका प्रमुख समस्याहरु**

- संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरुमा दोहोरोपना।
- राजश्व परिचालन तथा व्यवस्थापनमा अव्यवहारिक कानुनले गर्दा स्थानीय तहको आन्तरिक स्रोत वृद्धिहुन नसकेको।
- स्थानीय तहका कर्मचारीको सरुवाका कारण सेवा प्रवाहमा कठिनाई।
- जनप्रतिनिधि तथा कर्मचारीहरुमा व्यवसायिक दक्षताको अभिवृद्धिको क्रममा रहेको।
- स्थानीय तहबाट निर्माण गरिएका ऐन, कानुन तथा निर्णयहरुलाई माथिल्ला सरकारहरुले मान्यता नदिने गरेको।

## ५. गैर सरकारी संस्था/साझेदार संस्थाको प्रगति समिक्षा

बेनीघाट रोराङ गाउँपालिकाको समग्र विकास तथा सेवा प्रवाहलाई प्रभावकारी, समावेशी र परिणाममुखी बनाउन गाउँपालिकासँग समन्वय तथा सहकार्य गर्दै देहायबमोजिमका गैर सरकारी संस्था/साझेदार संस्था कार्यरत रहेका छनः

क. **एक्सन नेपाल,**

ख. **फोकस नेपाल,**

ग. **एक्का नेपाल तथा**

घ. **प्रयास नेपाल।**

माथि उल्लेखित गैरसरकारी/साझेदार संस्थाहरूले आर्थिक वर्षभरि गाउँपालिकाको नीति, योजना तथा प्राथमिकताअनुसार विभिन्न विकास तथा सेवा प्रवाहसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरेका छन्। वार्षिक प्रगति समीक्षा कार्यक्रममा ती संस्थाहरूले सञ्चालन गरेका कार्यक्रम, प्राप्त उपलब्धि, सिकाइ, चुनौती तथा आगामी कार्ययोजनाबारे प्रस्तुतीकरण गरेका थिए।

समीक्षाका क्रममा गाउँपालिका र साझेदार संस्थाबीचको समन्वय तथा सहकार्य प्रभावकारी रहेको निष्कर्ष निकालिएको छ। आगामी दिनमा पनि स्थानीय सरकारको आवश्यकता, प्राथमिकता तथा वार्षिक योजनासँग आबद्ध भई कार्यक्रम सञ्चालन गर्ने, सूचना आदानप्रदान, स्रोत-साधनको प्रभावकारी परिचालन तथा दोहोरोपन न्यूनीकरण लगायतका अन्य विभिन्न विषयहरुका लागि आपसी समन्वयलाई थप सुदृढ बनाउँदै लैजानुपर्ने आवश्यकता औँल्याइएको छ। यस प्रकारको सहकार्यबाट गाउँपालिकाको समग्र सामाजिक, आर्थिक तथा संस्थागत विकासमा थप सकारात्मक योगदान पुग्ने अपेक्षा गरिएको छ।

## ६. छलफलबाट पहिचान भएका प्रमुख समस्या तथा चुनौतीहरू

कार्यक्रममा शाखा तथा उपशाखा प्रमुख, वडा सचिव तथा स्वास्थ्य क्षेत्रका सम्बन्धित कर्मचारीहरूबाट प्रस्तुत गरिएको प्रगति विवरणमाथि भएको छलफलबाट देहायका प्रमुख समस्या तथा चुनौतीहरू पहिचान भएका छन्:

क. स्वीकृत वार्षिक कार्यक्रम तथा योजनाहरू निर्धारित समयसीमाभित्र प्रभावकारी रूपमा कार्यान्वयन गर्न कठिनाइ हुनु,
ख. कार्यक्रम तथा योजना कार्यान्वयनका क्रममा आवश्यक जनशक्ति, स्रोतसाधन तथा प्राविधिक जनशक्तिको पर्याप्त उपलब्धता नहुनु,
ग. विभिन्न शाखा तथा वडा कार्यालयबीच आवश्यक समन्वय र सूचना आदानप्रदान प्रभावकारी हुन नसक्नु,
घ. कतिपय कार्यक्रमको कार्यान्वयनमा प्रक्रियागत तथा प्रशासनिक जटिलता देखिनु,
ङ. विकास निर्माण तथा अन्य कार्यक्रमहरूको कार्यान्वयनमा भौगोलिक विकटता तथा प्रतिकूल मौसमी अवस्थाका कारण समस्या उत्पन्न हुनु,
च. बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समयमै आवश्यक निर्णय तथा समन्वय हुन नसक्नु,
छ. कार्यक्रमको वित्तीय प्रगति भए पनि अपेक्षित भौतिक उपलब्धि तथा परिणाम हासिल गर्न थप सुधार आवश्यक देखिनु,
ज. प्रगति विवरण तयार गर्ने क्रममा तथ्याङ्क संकलन, अभिलेखीकरण तथा तथ्याङ्क व्यवस्थापनमा एकरूपता नहुनु,
झ. कार्यक्रम तथा योजनाको नियमित अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्ने देखिनु,
ञ. स्वास्थ्य सेवा प्रवाहमा आवश्यक औषधि, उपकरण, जनशक्ति तथा अन्य स्रोतसाधनको व्यवस्थापनमा थप सुधार गर्नुपर्ने देखिनु,
ट. शाखा तथा वडा तहबाट सम्पादन गरिएका कार्यहरूको नियमित समीक्षा गरी समस्या पहिचान तथा समाधानका लागि स्पष्ट जिम्मेवारी र समयसीमा निर्धारण गर्नुपर्ने देखिनु,
ठ. आगामी आर्थिक वर्षका कार्यक्रम तथा योजनाहरूलाई विगतका अनुभव, उपलब्धि तथा सिकाइका आधारमा थप यथार्थपरक, आवश्यकतामुखी तथा परिणाममुखी बनाउनुपर्ने आवश्यकता देखिनु।

## ७. आगामी कार्यदिशा तथा सुधारका विषयहरू

वार्षिक प्रगति समीक्षा कार्यक्रमबाट आगामी दिनमा गाउँपालिकाको कार्यसम्पादनलाई थप प्रभावकारी तथा परिणाममुखी बनाउन निम्न विषयहरूमा ध्यान दिनुपर्ने देखिएको छः

क. स्वीकृत वार्षिक कार्यक्रम तथा योजनाहरू समयमै कार्यान्वयन गर्ने।
ख. कार्यक्रम तथा योजनाको कार्यान्वयनमा शाखा तथा वडा कार्यालयबीच प्रभावकारी समन्वय कायम गर्ने।
ग. बजेट खर्चसँगै कार्यक्रमबाट प्राप्त वास्तविक उपलब्धि तथा प्रभावलाई समेत प्रगति मूल्याङ्कनको आधार बनाउने।
घ. सेवा प्रवाहलाई सरल, सहज, छिटोछरितो, पारदर्शी तथा नागरिकमैत्री बनाउने।
ङ. कार्यक्रम तथा योजनाको नियमित अनुगमन तथा समीक्षा गर्ने।

च. कार्यसम्पादनका क्रममा देखिएका समस्या तथा चुनौतीहरूको समयमै पहिचान गरी समाधान गर्ने।

छ. तथ्यमा आधारित प्रगति विवरण तथा प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित बनाउने।

ज. नागरिकको आवश्यकता तथा स्थानीय प्राथमिकतामा आधारित कार्यक्रमलाई प्राथमिकता दिने।

झ. उपलब्ध स्रोत तथा साधनको अधिकतम सदुपयोग गर्दै परिणाममुखी कार्यसम्पादनमा जोड दिने।

ञ. आगामी आर्थिक वर्षका कार्यक्रम तथा योजनाहरूको कार्यान्वयनमा विगतको अनुभव तथा समीक्षाबाट प्राप्त सुझावहरूलाई समेट्ने।

## ८. कार्यक्रमबाट प्राप्त मुख्य उपलब्धि

वार्षिक प्रगति समीक्षा कार्यक्रमले गाउँपालिकाअन्तर्गतका शाखा, वडा कार्यालय तथा स्वास्थ्य क्षेत्रबाट आर्थिक वर्ष २०८२/०८३ मा सम्पादन भएका कार्यक्रम तथा गतिविधिहरूको समग्र अवस्था वस्तुनिष्ठ रूपमा समीक्षा गर्ने अवसर प्रदान गरेको छ। यसबाट प्रत्येक शाखा र निकायको कार्यसम्पादन, प्रगति तथा उपलब्धिहरू स्पष्ट रूपमा प्रस्तुत हुनुका साथै समग्र प्रगतिको यथार्थ चित्र प्राप्त भएको छ।

यस कार्यक्रममार्फत विभिन्न शाखा तथा वडा कार्यालयबीच भएका कार्यसम्पादनको तुलनात्मक समीक्षा गर्न, भएका उपलब्धिहरूको मूल्याङ्कन गर्न तथा सुधार आवश्यक रहेका क्षेत्रहरूको पहिचान गर्न महत्वपूर्ण सहयोग पुगेको छ। साथै, कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या, चुनौती तथा सिकाइका अनुभवहरू साझा गर्दै तिनको समाधानका सम्भावित उपायहरूबारे रचनात्मक छलफल भएको छ।

यसका अतिरिक्त, आगामी आर्थिक वर्षका योजना तथा कार्यक्रमहरूलाई अझ प्रभावकारी, व्यवस्थित, पारदर्शी र परिणाममुखी ढङ्गले कार्यान्वयन गर्न आवश्यक नीतिगत तथा व्यवस्थापकीय सुधारका पक्षहरू पहिचान भएका छन्। यसले गाउँपालिकाको समग्र सेवा प्रवाह, सुशासन प्रवर्द्धन तथा विकास व्यवस्थापनलाई थप सुदृढ बनाउन महत्वपूर्ण आधार तयार गरेको छ।

## ९. निष्कर्ष

आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति समीक्षा कार्यक्रम गाउँपालिकाअन्तर्गतका विभिन्न शाखा, उपशाखा, वडा कार्यालय तथा स्वास्थ्य क्षेत्रबाट वर्षभरि सम्पादन गरिएका कार्यहरूको समग्र समीक्षा गर्ने महत्वपूर्ण अवसरका रूपमा सम्पन्न भएको छ।

कार्यक्रममा सम्बन्धित शाखा तथा उपशाखा प्रमुख, वडा सचिव तथा गाउँपालिकामा रहेका स्वास्थ्य संस्थासँग सम्बन्धित कर्मचारीहरूले आ-आफ्नो क्षेत्रबाट सम्पादन गरेका कार्यहरूको प्रगति विवरण प्रस्तुतीकरण गरेका थिए। प्रस्तुत प्रगति विवरणमाथि छलफल तथा समीक्षा गर्दै कार्यक्रम कार्यान्वयनको

अवस्था, प्राप्त उपलब्धि, वित्तीय तथा भौतिक प्रगति, सेवा प्रवाहको अवस्था तथा कार्यसम्पादनका क्रममा देखिएका समस्या र चुनौतीहरू पहिचान गरिएको थियो।

समग्रमा, वार्षिक प्रगति समीक्षा कार्यक्रमले गाउँपालिकाको विगतको कार्यसम्पादनको समीक्षा गर्दै आगामी दिनमा कार्यक्रम तथा योजनाहरूलाई थप प्रभावकारी, पारदर्शी, उत्तरदायी तथा परिणाममुखी ढङ्गबाट सञ्चालन गर्न आवश्यक आधार प्रदान गरेको छ। आगामी दिनमा समीक्षा कार्यक्रमबाट प्राप्त सुझाव तथा निष्कर्षलाई कार्यान्वयनमा जोड दिँदै नागरिकलाई प्रभावकारी तथा गुणस्तरीय सेवा प्रवाह गर्ने दिशामा गाउँपालिकाको कार्यसम्पादनलाई थप सुदृढ बनाउनुपर्ने देखिन्छ।

## १०. सुझाव

क. वार्षिक प्रगति समीक्षा कार्यक्रमलाई नियमित तथा व्यवस्थित रूपमा सञ्चालन गर्नुपर्ने,

ख. प्रगति विवरण प्रस्तुत गर्दा बजेट खर्च प्रतिशत मात्र नभई कार्यक्रमबाट प्राप्त वास्तविक उपलब्धि तथा प्रभावलाई समेत स्पष्ट रूपमा प्रस्तुत गर्नुपर्ने,

ग. प्रत्येक शाखा तथा वडा कार्यालयले मापनयोग्य सूचकका आधारमा वार्षिक लक्ष्य निर्धारण गरी प्रगति मूल्याङ्कन गर्नुपर्ने,

घ. कार्यक्रम तथा योजनाको नियमित अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनुपर्ने,

ङ. शाखा तथा वडा कार्यालयबीच आवश्यक समन्वय र सूचना आदानप्रदानलाई थप प्रभावकारी बनाउनुपर्ने,

च. सेवा प्रवाहमा नागरिकको सन्तुष्टि तथा सेवाको गुणस्तर मापन गर्ने प्रणाली विकास गर्नुपर्ने,

छ. समीक्षा कार्यक्रमबाट पहिचान भएका समस्या तथा चुनौतीहरूको समाधानका लागि स्पष्ट जिम्मेवारी तथा समयसीमा निर्धारण गर्नुपर्ने।

## ११. समापन

यसरी, बेनीघाट रोराङ गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति समीक्षा कार्यक्रम सम्बन्धित शाखा तथा उपशाखा प्रमुख, वडा सचिव, स्वास्थ्य क्षेत्रसँग सम्बन्धित कर्मचारी तथा अन्य सम्बन्धित कर्मचारीहरूको वार्षिक प्रगति समिक्षाको प्रस्तुतिकरण पश्चात सम्पन्न भएको थियो। कार्यक्रमले गाउँपालिकाको वार्षिक कार्यसम्पादनको समीक्षा, उपलब्धिको मूल्याङ्कन तथा आगामी कार्यदिशा तय गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ।

कार्यक्रममा प्रस्तुत भएका प्रगति विवरण, छलफलबाट प्राप्त निष्कर्ष तथा सुझावहरूलाई आगामी दिनको योजना तथा कार्यक्रम कार्यान्वयनमा उपयोग गर्दै गाउँपालिकाको सेवा प्रवाह तथा विकास गतिविधिलाई थप प्रभावकारी र परिणाममुखी बनाउने अपेक्षा गरिएको छ।

## १२. कार्यक्रमका तस्वीरहरु

















**<u>तयार गर्ने</u>**
नारायण सुवेदी
सहायक पाचौं
मितिः २०८३/०४/१२

**<u>रुजु गर्ने</u>**
परशुराम घिमिरे
शाखा अधिकृत
मितिः २०८३/०४/१२

**<u>प्रमाणीत गर्ने</u>**
रामबाबु पौडेल
प्रमुख प्रशासकीय अधिकृत
मितिः २०८३/०४/१२